२०७२।७।३० गते

## टीकापुर नगरपालिकाको आ.व. २०७२/७३ को पहिलो चौमासिकको सार्वजनिक सुनुवाइको संक्षिप्त विवरण

टीकापुर नगरपालिकाको आर्थिक वर्ष २०७२/७३ को विकास योजना र सेवा प्रवाहका बारेमा २०७२ कात्तिक ३० गते भएको सार्वजनिक सुनुवाईको संक्षिप्त विवरण यसप्रकार हरेको छ ।

बहिर्गमन अभिमत :

टीकापुर नगरपालिकाबा सेवा लिएर फर्किएका ५० जना सेवाग्राहीको मत संकलन गरिएको थियो । जसमा ३६ जना पुरुष र १४ जना महिला थिए । उनीहरु शिक्षाको हिसावले ५ जना निरक्षर, १० जना साक्षर, १२ जना एसएलसी, ८ जना प्लस टु, १० जना स्नातक र ५ जना स्नात्तकोत्तरु थिए । जातीय हिसावले हेर्दा ८ जना दलित, १३ जना जनजाति र २९ जना वाहुन, क्षेत्री थिए ।

**उनीहरु निम्नानुसारको से्वा लिन आएका थिए**

क. सिफारिस लिन/पुऱ्याउन - २८ जना
ख. दर्ता नवीकरण गर्न - ७
ग. आर्थिक सहयोग लिन - १
घ. कर तिर्न ७
ङ. चारकिल्ला प्रमाणित ६
च. अन्य १

**नगरपालिकाले प्रदान गर्ने सेवाप्रति नागरिकको सन्तुष्टि**

| क.स. | प्रश्न | सूचक १ | सूचक २ | सूचक ३ |
|---|---|---|---|---|
| १ | सेवा लिन कोसंग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ? | अति स्पष्ट-२१ | ठीकै-२४ | अस्पष्ट- ५ |
| २ | कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझेजस्तो लाग्छ ? | अति धेरै-११ | ठीकै-३२ | थोरै-७ |
| ३ | तपाईप्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार र मैत्रीपूर्ण-२५ | ठीकै-२४ | अमर्यादित-१ |
| ४ | सेवा प्राप्त गर्न आवश्यक सूचनाबारे तपाईलाई कर्मचारीले स्पष्ट पारे ? | अति स्पष्ट गरिदिए-१८ | ठीकै-२५ | अलमल हुनेगरी सूचना दिए-७ |
| ५ | तपाईले राख्नु भएका समस्यालाई के कस्तो समाधान दिए ? | अति सजिलो तरिकाबाट समाधान दिए-१६ | ठीकै-३१ | समाधान दिन् सकेनन-३ |
| ६ | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के कस्तो लाग्यो ? | अति सजिलो-९ | ठीकै-२८ | लामो र झंझटिलो १३ |
| | नतिजा | १०० | १६४ | ३६ |
| | *अघिल्लो वर्षको नतिजा* | ३४ | २२८ | ३८ |

**विश्लेषण :** ५० जना सेवाग्राहीलाई ३/३ वटा सूचक रहेका ६ वटा प्रश्न सोध्दा ३०० उत्तर खोजेका थियौं जसमध्ये १०० वटा राम्रो, १६४ ठीकै र ३६ नराम्रो अवस्था देखिएको छ ।

टीकापुर नगरपालिका कार्यालय
टीकापुर, कैलाली

टीकापुर नगरपालिका कार्यालय

कार्यकारी अधिकृत

मिति २०७२।६।२०गते

**यसपटक सेवाग्राहीबाट आएका सुझावहरु**

- कम्प्यूटरले सेवा ढिलो गरेको हुदा चुस्त बनाएर राख्ने
- कर्मचारी आफ्नो फाटमा बसी, अरुसंग कुरा नगरी सेवाग्राहीलाई मीठो वचनले सेवा दिनुपर्ने
- कर्मचारीहरु समयमा उपस्थित हुनुपर्ने
- बजारमा रोडको दायाँ वायाँ सरसफाइ नभएको
- कर्मचारीहरु कार्यालय समयमा बाहिर जान नहुने
- सेवाग्रहीको काम छिटोछरितो हुनुपर्ने
- कर्मचारमिाथि प्रशासनो निगरानी हुनुपर्‍यो
- योजना छनोट गर्दा आवश्यकता अनुसार गर्नुपर्‍यो, मुख हरेर काम गर्ने प्रवृति राम्रो भएन
- कार्यालयभित्र कर्मचारीले राजनीति गर्नु भएन
- अफिस अलिकति फराकिलो र लाइन अनुसार हुनुपर्‍यो
- निर्णय क्षमता र गुणस्तरीय सेवामा ध्यान दिनुपरयो

**कार्यक्रम**

२ घण्टा १५ मिनेट चलेको कार्यक्रममा नगरपालिकाका शाखा प्रमुखहरुले पहिलो चौमासिकको कामको प्रगति विवरण पेश गरेका थिए । लेखा शाखा प्रमुख नन्दबहादुर केसीले चालू आर्थिक वर्षको आम्दानी खर्च १४ करोड २ लाख मध्ये पहिलो चौमासिकमा चालू तर्फ ५४ लाख २९ हजार र पूजिगत तर्फ ३८ लाख ८८ हजार गरी ९३ लाख १७ हजार खर्च भएको जानकारी दिनुभयो ।

नगरपालिकाकालाई १८ जना सेवाग्राहीले प्रश्न तथा गुनासा राखेका थिए । नागरिकका प्रश्नको कार्यकारी अधिकृत तुलसीप्रसाद आचार्य, प्रशासकीय अधिकृत रञ्जु आचार्य, योजना शाखा प्रमुख नवराज जोशी, सामाजिक विकास शाखा प्रमुख देवी आचार्यले जवाफ दिनु भएको थियो ।

कार्यक्रमको अन्तमा टीकापुर बहुमुखी क्याम्पसका उपप्राध्यापक शंकरप्रसाद शर्मा, पत्रकार भुवनेश्वर अधिकारी, वडा नागरिक मञ्च वडा नम्बर ८ का संयोजक सिद्ध ठकुल्लाले टिप्पणी गर्नु भएको थियो । सामुदायिक रेडियो टीकापुर एफएमका प्रवन्ध निर्देशक मातृका तिमिल्सेनाले संचालन गरेको कार्यक्रममा पूर्व नगरप्रमुख रत्नप्रसाद संज्यालले टिप्पणी मन्तव्य राख्नु भएको थियो । कार्यक्रमको सामुदायिक रेडियो टीकापुर एफएम १०१ मेगाहर्जबाट प्रत्येक्ष प्रसारण गरिएको थियो ।

**नगरपालिकाको प्रतिवद्धता**

- सेवाग्राहीहरुका जायज माग सम्बोधन गर्न नगरपालिका प्रतिवद्ध छ ।
- टीकापुर नगरपालिका सुशासन कायम गर्न प्रतिवद्ध छ ।
- यसभन्दा अगाडी जे जस्तो भएपनि आगामी नगरपरिषद्मा वडा भेलाबाट १ र २ नम्बर मा परेर छानिएका योजनाहरु अवश्य छानिनेछन् ।
- भवन निर्माण संहिता विपरीत घर नक्सा पास गरिने छैन, अतिक्रमित सार्वजनिक क्षेत्र खाली गराइनेछ ।
- भुस्याहा कुकुरका सवालमा स्थानीयको गुनासो आएमा कार्यवाही गर्न नगरपालिका तयार छ ।

टीकापुर नगरपालिका कार्यालय
टीकापुर, कैलाली

कार्यकारी अधिकृत